INNOVATIVE RESEARCH JOURNAL Vol.:1, Issue: 1, 2022

# पढाइ सीप शिक्षणका सन्दर्भमा पठन संस्कृति

**सुजन सोडारी**
*सानोठिमी क्याम्पस, भक्तपुर*
*sodarisujan@gmail.com*

**लेखसार :** *प्रस्तुत लेख पढाइ सीप शिक्षणका सन्दर्भमा पठन संस्कृतिसँग सम्बन्धित रहेको छ । यस लेखमा भाषिक सिप शिक्षणको परिचय, आवश्यकता, पढाइ सिप शिक्षणको सन्दर्भमा पठन संस्कृतिको फाइदा र विकासका आधारहरूको बारेमा चर्चा गर्नु यस लेखको प्रमुख उद्देश्य रहेको छ । यो अध्ययन गुणात्मक अनुसन्धानमा आधारित रहेको छ । यस लेखमा वर्णनात्मक र विश्लेषणात्मक विधिको उपयोग गरिएको छ । प्रस्तुत अध्ययनमा द्वितीय स्रोतको सामग्रीको प्रयोग गरिएको छ । पठन संस्कृतिको विकास गर्नका लागि बालबालिकाहरूमा पढ्ने बानीको विकास गर्नु जरुरी छ । विद्यार्थीहरूमा पठनरुचि बढ्दै जाने र त्यसले अन्ततः समग्र शिक्षण सिकाइमै सकारात्मक प्रभाव पार्ने सुनिश्चित हुने हुनाले पठनमैत्री वातावरण सिर्जना गर्नुपर्छ । पठन संस्कृतिले मानिसलाई अध्ययनशील बनाउन सहयोग गर्छ । यसले विद्यार्थीको पढाइमा समेत सकारात्मक नतिजा ल्याउन सहयोग पुग्दछ । विद्यार्थीको ज्ञानको भण्डार फराकिलो हुनुको साथै उसमा अनुभव र परिपक्कता जस्ता सद्गुणको पनि विकास हुन्छ । विद्यार्थीमा सिर्जनशीलता र कल्पनाशीलताको प्रचुर विकास हुन्छ । नैतिक चरित्रवान व्यक्तित्व निर्माण गर्न पनि पठन संस्कृतिले कुनै न कुनै किसिमले सहयोग गरिरहेकै हुन्छ । घर, समाज र विद्यालयमा पठनमैत्रि वातावरण बनाउन विशेष जोड दिनु पर्दछ । अतः शिक्षक, विद्यालय परिवार र अभिभावकको पठन संस्कृतिको विकासमा ठूलो भूमिका रहेको हुन्छ । प्रस्तुत लेखबाट पठन संस्कृतिको बारेमा सैद्धान्तिक जानकारी लिन चाहने सम्बद्ध सरोकारवालाका लागि सहयोग पुग्ने विश्वास लिइएको छ ।*

***विशेष शब्दावली :*** *भाषिक सिप शिक्षण, पठन संस्कृति, पठन संस्कृति विकासका आधार, पठन बोध*

प्राप्त मिति : ६, अक्टोबर, २०२२, स्वीकृत मिति : ५, नभेम्बर, २०२२, प्रकाशित मिति : १२, डिसेम्बर, २०२२

## अध्ययनको पृष्ठभूमि

"भाषाका सिपहरू सुनाइ, बोलाइ, पढाइ, लेखाइ र भाषा तत्वका विविध पक्षमा सक्षम बनाउनको लागि सञ्चालन गरिने सिकाई शिक्षण कार्यकलापलाई भाषा शिक्षण भनिन्छ" (खनिया, २०७५, पृ. २) । यी सिपलाई भाषा शिक्षणका सन्दर्भमा आधारभूत सिपका रूपमा लिइन्छ । भाषा शिक्षणका सन्दर्भमा सुनाइ र पढाइलाई आदानात्मक वा ग्रहणात्मक सिप/बोध अन्तर्गत राखिन्छ । बोध आन्तरिक पक्षसँग अन्तरनिहित हुन्छ भन्ने पढाइ र लेखाइलाई प्रदानात्मक वा अभिव्यक्तिपरक बाह्य पक्षसँग सम्बन्धित हुन्छ । भाषा शिक्षण सैद्धान्तिकभन्दा व्यावहारिक र अभ्यासमुखी प्रकृतिको हुन्छ ।

सुनाइ र बोलाइ सिप मौखिक सिप अन्तर्गत र पढाइ, लेखाइ सिप लिप्यात्मक सिप अन्तर्गत पर्दछन् । त्यसो त सुनाइ र बोलाइ सिपलाई सिकाइका पूर्ववर्ती सिपका रूपमा र पढाइ, लेखाइलाई पश्चवर्ती सिपका रूपमा लिइन्छ । भाषाका विषयको शिक्षण नभई भाषिक सिपहरूको प्रयोगपरक शिक्षण हो । भाषा सिकाइले सुन्ने, बुझ्ने, बोल्ने, पढ्ने

र लेख्ने गरी भाषाको चारैवटा सिपहरू सँगसँगै सिक्न सक्ने गरी अध्ययन गर्ने कार्य भाषा शिक्षण हो । भाषा शिक्षण स्वयम् एउटा विधि वा शिक्षण पद्धति हो ।

भाषाका यी चार सिपहरू विद्यार्थीको उमेर, शैक्षिक तह वा कक्षा बढ्दै जाँदा थप परिष्कृत र परिमार्जित हुँदै जान्छन्, स्तरीकृत हुँदै जान्छन् । यी सिपको शिक्षणबाट विद्यार्थीमा श्रवणकला, वाचनकला, पठनकला र लेखनकलाको विकास हुदै जान्छ । भाषा शिक्षणमा साहित्यिक र साहित्येतर विषयवस्तुका माध्यमबाट भाषिक सिपको शिक्षण गरिन्छ । यस क्रममा साहित्यिक विधाका माध्यमबाट भाषाका चार सिपको विकास र व्याकरणिक विषयवस्तुबाट शुद्ध भाषा प्रयोग कौशलको वृद्धि हुन पुग्दछ । 'भाषा शिक्षण भनेको ज्ञान, विषय वस्तु स्वयम् भाषाकै सम्बन्धमा गरिने शिक्षण नभई विद्यार्थीहरूमा सम्बद्ध भाषाका भाषिक व्यवहार एवम् कुशलता विकास गराउन गरिने कार्यकलाप हो' (खनिया, २०७५) । भाषिक सिप शिक्षणमा विषयवस्तुको शिक्षण गौण र सिपको शिक्षण नै प्रधान हुन्छ । यसमा विषयवस्तुलाई सिप शिक्षणका साधन र सिप शिक्षणलाई सिकाइ शिक्षणको साध्य मानिन्छ । भाषिक सिप शिक्षणमा विद्यार्थीहरूलाई भाषाका चारवटै सिपमा दक्ष वा प्रखर तुल्याउने काम गरिन्छ । यसका लागि चारवटै सिपको सन्तुलित शिक्षणमा ध्यान दिइएको हुन्छ ।

## अध्ययनको उद्देश्य :

भाषिक सिप शिक्षणको सामान्य परिचय दिई पढाइ सिप शिक्षणको सन्दर्भमा पठन संस्कृतिको आवश्यकता, फाइदा र विकासका आधारहरूको बारेमा चर्चा गर्नु रहेको छ ।

## विधि तथा सामग्री

प्रस्तुत आलेख गुणात्मक ढाँचामा आधारित रहेको छ । यस लेखमा वर्णनात्मक र विश्लेषणात्मक विधिको उपयोग गरिएको छ । यस क्रममा पुस्तकालयीय पद्धतिबाट सामग्री सङ्कलन गरिएको छ । सामग्री सङ्कलन गर्दा द्वितीय स्रोतको उपयोग गरिएको छ । सम्बन्धित विषयका पुस्तकहरू, अनुसन्धान प्रतिवेदन, जर्नलहरू र इन्टरनेटलाई सामग्री स्रोतको रूपमा प्रयोग गरिएको छ ।

## भाषिक सिप शिक्षण

भाषिक सिप शिक्षणले भाषाको प्रयोग व्यवहारमा मात्र होइन, विविध क्षेत्रका ज्ञान वा सूचना ग्रहण गर्न निकै सहयोग पुग्दछ । यसबाट विद्यार्थीमा सम्बन्धित भाषाको ज्ञान एवम् प्रयोग सामर्थ्यको विकास र विस्तार हुन गई व्यक्तित्व विकासमा समेत टेवा पुग्ने हुन्छ । तसर्थ भाषिक सिप शिक्षणलाई सिकाइ शिक्षणका सन्दर्भमा अपरिहार्य मानिएको पाइन्छ । भाषिक सिप शिक्षणको आवश्यकतालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

***भाषाका चारवटै सिपको एकिकृत रूपमा विकास गर्न :*** भाषा शिक्षण सिकारुमा भाषाका चार ओटा सिपको विकास गर्नका लागि आवश्यक हुन्छ । यसमा विषयवस्तुभन्दा ग्रहण र प्रकटनसँग सम्बन्धित सिपहरूलाई सन्तुलित तवरबाट विकास गराउने ध्येय राखिन्छ । अतः सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपहरूलाई एकिकृत रूपमा सक्षमता दिलाउनका निम्ति भाषा शिक्षण आवश्यक पर्दछ ।

***बोध र अभिव्यक्ति सिपको प्रभावशाली माध्यमका रूपमा विकास गर्न :*** भाषिक सिपहरू बोध (सुनाइ र पढाइ) र अभिव्यक्ति (बोलाइ र लेखाइ) क्षमतासँग सम्बन्धित हुन्छन् । यस्ता सिपहरूमध्ये सुनाइ र बोलाइको सामान्य विकास शिक्षण नगरिकन पनि सम्भव हुन्छ तर पढाइ र लेखाइ सिपको विकास भने औपचारिक शिक्षणबाट मात्रै सम्भव हुन्छ । मौखिक र लिखित अभिव्यक्तिमा दक्षता अभिवृद्धि गर्ने आधार तयार पार्नको लागि पनि शिक्षण आवश्यक पर्छ । सुनाइ र बोलाइ सिपमा उच्च स्तरीय सक्षमता हासिल गर्न शिक्षणकै जरुरत पर्दछ । त्यसैले बोध र अभिव्यक्ति सिपको प्रभावशाली माध्यमका रूपमा विकासका गर्न भाषा शिक्षण आवश्यक देखा पर्छ ।

***गति, यति, लय मिलाई लेख्य सामग्रीलाई वाचन गर्न :*** भाषाद्वारा अभिव्यक्त गरिने पद्य साहित्यको प्रकृति गद्य साहित्यको भन्दा पृथक हुन्छ । यस्तो साहित्यले गति र यतिसहित शुद्ध तवरबाट लयबद्ध वाचनको अपेक्षा गर्दछ । हाइकु, गजल एवम् पद्य कविताहरूमा यस्तो वाचनकला आवश्यक पर्दछ । तसर्थ लिखित पद्य साहित्यलाई गति, यति र लयसहित वाचन गर्न सक्ने क्षमता विकास गराउन भाषा शिक्षण आवश्यक हुन्छ ।

***कुराकानी, छलफल, संवाद आदिमा भाग लिई सिर्जनात्मक क्षमताको विकास गर्न :*** भाषाका कतिपय सिपहरू परिस्थितिको बोध गरी उपयुक्त भाषा प्रयोग गर्ने कलामा आधारित हुन्छन् । यस्तो कलाको विकास जन्मजात हुनुका साथै आर्जितसमेत हुन्छ । जसको आर्जन अभ्यास र समाधिद्वारा सम्भव हुन्छ । त्यसैले औपचारिक कुराकानी, तर्क, वितर्क, अन्तरसंवाद, वादविवाद, खण्डन, मण्डन, छलफल जस्ता क्रियाकलापमा सहभागी भई आफ्ना वस्तुगत तर्कहरू राख्न सक्ने र सिर्जनात्मक क्षमताको विकास गर्न भाषा शिक्षण उपयोगी हुन्छ ।

***परिवेश, सन्दर्भ र प्रसङ्ग अनुकुल भाषाको उचित प्रयोग गर्न :*** भाषाको प्रयोग परिवेश, सन्दर्भ, प्रसङ्ग, सहभागी जस्ता पक्षमा आधारित हुन्छ । एउटा सन्दर्भ वा प्रसङ्गमा प्रयोग गरिएको भाषाको अर्थ अर्को सन्दर्भ वा परिवेशमा भिन्नै हुन सक्छ । शब्दले दोहोरो अर्थ सम्प्रेषण गर्ने जस्ता कुरालाई विशेष ख्याल गर्नुपर्छ । त्यसैले सन्दर्भ अनुसार भाषाको कथ्य, लेख्य अभिव्यक्ति क्षमता विकासका लागि भाषा शिक्षण आवश्यक पर्दछ ।

***स्तरीय एवम् मानक भाषाको उचित तरिकाले प्रयोग गर्न :*** भाषिक सिप विकास हुनु भनेको सम्बन्धित भाषाको स्तरीय, शुद्ध एवम् मानक रूपको प्रयोग गर्न सक्नु हो । यस किसिमको क्षमता विकासका लागि प्रशस्त अभ्यास र पुनरावृत्तिको आवश्यकता पर्दछ । यसर्थ भाषाको स्तरीय एवम् मानक प्रयोग क्षमता विकासका निम्ति भाषा शिक्षण गर्नुपर्छ ।

***पठन बोध क्षमताको विकास गरी ज्ञान आर्जन गर्न :*** पढेर बोध गर्ने क्षमतालाई पठनबोध क्षमता भनिन्छ । यसबाट विषयवस्तु बोध गर्ने, विचार निर्माण गर्ने, विवेचना गर्ने, तर्कपूर्ण टिप्पणी गर्ने, व्याख्या गर्ने, विश्लेषण गर्ने, निचोड निकाल्ने क्षमताको विकास हुन्छ । विविध लेख्य सामग्रीको पठन बोध पश्चात ज्ञान आर्जन हुन्छ । यस्ता क्षमताको विकासका निमित्त विभिन्न विधा एवम् पाठहरूका माध्यमबाट भाषा शिक्षण गरिन्छ ।

***व्याकरण र शब्दभण्डार क्षमताको विकास गर्न :*** भाषालाई मर्यादित, अनुशासित र एकरुपता कायम गराउनको लागि व्याकरणको उपयोग गरिन्छ । भाषामा निहित सक्रिय र निष्क्रिय शब्दहरूको बोध, प्रयोग र पहिचान गर्ने क्षमता शब्दभण्डार क्षमता हो । यस्तो क्षमता अन्तर्गत पर्यायवाची, विपरीतार्थी, अनेकार्थी, श्रुतिसमभिन्नार्थी, लघुतावाची आदि शब्दहरूको सन्दर्भ अनुसार बोध गर्ने, प्रयोग गर्ने र पहिचान गर्ने सिप पर्दछन् । यस्ता सिपको विकासका निमित्त भाषा शिक्षणको जरुरत पर्दछ ।

***सामाजिक एकता कायम गर्न :*** बहुभाषिक र बहुसंस्कृतिक विविधताले भरिएको हाम्रो देशमा संवेदनशील भई उचित तरिकाले समाजलाई एकताबद्ध सूत्रधारमा राख्नलाई भाषा शिक्षणको महत्व रहन्छ । जुनसुकै धर्म, जाति, भाषा, संस्कृति, आस्था मान्ने समाज भए पनि तिनीहरूको बिचमा सद्भाव कायम राख्नको लागि पनि शिक्षण औचित्यपूर्ण देखिन्छ ।

***वर्णविन्यास तथा चिन्हहरूको शुद्ध प्रयाग गर्न :*** भाषाको लेख्य अभिव्यक्तिमा वर्णविन्यासगत शुद्धता र विराम चिन्हको उपयुक्तता आवश्यक पर्दछ । स्तरीय वर्णविन्यास र उपयुक्त चिन्ह प्रयोगमा विशेष ख्याल गर्नपर्छ । यसको सही प्रयोगविना लेखन अर्थहीन हुन्छ । त्यसैले लेख्य अभिव्यक्तिलाई स्तरीयता कायम गराउनका लागि भाषा शिक्षण आवश्यक हुन्छ ।

***उपयुक्त शैली र ढाँचामा सिर्जनात्मक रचना गर्न :*** लेखाइ एक कला हो । लेख्ने शैली, ढाँचा भिन्न भिन्न हुन्छन् । व्यावहारिक लेखन र सिर्जनात्मक लेखनका पनि आ-आफ्नो शैली हुन्छन् । यी लेखनहरूमा विषय र विधा अनुसार पृथक पृथक शब्दभण्डार, शैली र ढाँचाको अनुप्रयोग गरिन्छ । भाषा शिक्षणद्वारा सिर्जनात्मक र व्यावहारिक लेखनसम्बद्ध विभिन्न क्षेत्रहरू अनुसार उपयुक्त ढाँचामा लेख्ने कलाको विकास गराउनको लागि पनि यसको आवश्यक पर्दछ ।

***ज्ञान विज्ञानको दायरा फराकिलो बनाउन :*** विश्वमा दिनप्रतिदिन ज्ञानविज्ञानको क्षेत्रमा भइरहेका तमाम् परिवर्तनका बारेमा जानकार हुनको लागि पनि पढन आवश्यक पर्दछ । विषयवस्तुगत ज्ञानको सीमित दायराबाट आफूलाई बाहिर निकाली बृहत्तर परिवेशमा समायोजन गर्न भाषा शिक्षणले सघाउँदछ ।

***बुँदाटिपोट गर्न र सारांश बताउन :*** साहित्यिक र साहित्येतर सामग्रीको पढाइद्वारा प्रतिनिधिमूलक आवश्यक बुँदा टिपोट गर्ने तथा मुख्य अंश पहिचान गरी लेख्ने क्षमताको विकास हुन्छ । यस्तो कार्य क्रमशः मुख्य बुँदाटिपोट र सारांश बताउनसँग सम्बन्धित हुन्छ । त्यसैले बुँदाटिपोट र सारांश भन्न सक्ने क्षमता आर्जनका लागि भाषा शिक्षण सिकाइ आवश्यक पर्दछ ।

***व्यक्तित्व निर्माण गर्न :*** सिकारुको शारीरिक, मानसिक एवम् संवेगात्मक अवस्थाको समष्टिलाई व्यक्तित्व भनिन्छ । असल व्यक्तित्वको विकासले मानिसलाई अपरिचित परिस्थितिमा पनि सजिलै समायोजन हुन तथा समस्यामूलक परिवेशमा पनि सही नेतृत्व गर्न र समस्यहरूलाई सहजै समधान गर्न मार्गनिर्देश गर्दछ । जसका लागि भाषा शिक्षण आवश्यक पर्दछ ।

***व्यावहारिक ज्ञान र बौद्धिक क्षमता विकास गर्न :*** भाषा शिक्षणमा भाषिक सिपसँगसँगै व्यावहारिक ज्ञान एवम् बौद्धिक सक्षमता विकास गर्ने खालका क्रियाकलाप पनि अवलम्बन गरिन्छन् । यस्ता क्रियाकलापद्वारा सिकारुले व्यवहारमा भोगेका विविध विषयवस्तु ग्रहण गर्ने एवम् बौद्धिक खालका भाषिक कार्य सम्पादन गर्ने क्षमता विकास हुन्छ । जसको विकासका निम्ति भाषा शिक्षण आवश्यक हुन्छ ।

## पढाइ सिप शिक्षण

सामान्यतः लिपिबद्ध भाषामा प्रस्तुत भएका सामग्री पढेर बुझ्नुलाई पढाइ भनिन्छ । बालकको औपचारिक शिक्षाको सुरुआत नै पढाइबाट हुन्छ । पढाइमा आँखा र मस्तिष्कको संलग्नता रहन्छ । पढाइ आदानात्मक भाषिक सिप

हो । निरक्षरहरूको लागि सुनाइ नै विषयवस्तु वा अभिव्यक्ति बुझाइको मुख्य माध्यम हो भने साक्षरहरूका लागि पढाइ मुख्य माध्यम हो । पढाइ ज्ञान विकासका विभिन्न उपायहरूमध्येको प्रभावशाली उपाय हो । विश्वमा ज्ञान विज्ञानको क्षेत्रमा दिनानुदिन विकसित भएका नयाँ नयाँ विचार, सूचना, जानकारी थाहा पाउँन पढाइको आवश्यकता पर्दछ । यदि विद्यार्थीमा लिखित सामग्री पढ्ने बानीको विकास भएन भने भाषा, कला, संस्कृति, साहित्य, समाज, दर्शन, राजनीति आदिसँग सम्बन्धित कुराहरूको बोधबाट वञ्चित हुँदै जान्छ । त्यसैले पनि पढाइको आवश्यकता पर्दछ ।

भाषिक सिप विकास गर्नको लागि पढाइ एक सशक्त माध्यम हो । पढाइको माध्यामबाट बौद्धिकतामा निखारपन आउँछ । विद्यार्थीमा पढ्ने आद्तको विकास हुँदा विभिन्न विधाहरूलाई विधागत प्रकृति अनुसार वाचन गर्न, अर्थ वा भाव बोध गर्न पनि सक्दछ । विभिन्न विषयहरू पढँदै जाँदा सिकारूमा भाषिक ज्ञानको वृद्धि हुँदै जान्छ । वर्णविन्यासलाई विशेष ख्याल गर्दा लेखाइमा रहेका अशुद्धिलाई हटाउन पढाइले सहयोग गर्दछ । ज्ञान विज्ञानका नवीनतम उपलब्धिहरू बारे ज्ञान लिन, फुर्सदको समय सदुपयोग गर्न, स्वाध्यायनबाट बौद्धिकता बढाउन पठन बोध शिक्षणको महत्वपूर्ण स्थान छ (खनिया र अधिकारी, २०७६) । सूचना प्रविधि क्षेत्रसँग परिचत हुन सम्बन्धित सामग्रीलाई पढेर बुझ्नको लागि पनि पठनबोध क्षमताको आवश्यकता पर्दछ । विद्यार्थीहरूमा पठन कलाको सिप विकासका लागि गरिने शिक्षणलाई पढाइ शिक्षण भनिन्छ । विद्यार्थीलाई प्रखर वक्ता बनाउन, शुद्ध, स्पष्ट गति, यति मिलाएर पढन, बुझेर पढ्ने बानीको विकास गराउँदै प्रतिस्पर्धाको भावना जगाउनु पठनकलाको औचित्य र आवश्यकता रहेको छ ।

पढाइ सिप शिक्षणमा लिखित वा मुद्रित सामग्रीलाई सस्वर, मौन र द्रुत पठन गर्न लगाइन्छ । सस्वर पठन शिक्षण सिकारुमा गति, यति र हाउभाउसहित आवज निकालेर पढ्ने कलाको विकास गर्न गरिने शिक्षण हो भने मौन पठन आवाज ननिकालिकन विषयवस्तुको बोध गर्ने क्षमताको विकासका लागि गरिने शिक्षण हो । त्यसैगरी द्रुतपठन लिखित तथा मुद्रित सामग्रीमा व्यक्त विषयवस्तुलाई बुझ्ने गरी मुख्य कुरा मात्र बोध गर्ने सक्षमता विकासका लागि गरिने शिक्षण हो । यी तिनै प्रकृतिका सिपहरूको एकीकृत विकास हुँदा पढाइ सिप विकास भएको मानिन्छ । वस्तुतः सस्वरपठनको उच्चतम उपलब्धि वाचनकलाको विकास हो भने मौनपठनको उच्चतम उपलब्धि पठनबोध हो । त्यस्तै द्रुतपठनको उच्चतम उपलब्धि आवश्यक मुख्य कुराको द्रुत पहिचान र छिटो पढ्ने बानीको विकास गर्नु हो । यी विविध क्षमता विकासका लागि पढाइ सिप शिक्षणको आवश्यकता पर्दछ ।

## पढाइका प्रकार

सस्वर पढाइ र मौन पढाइ गरी मूलतः पढाइ दुई प्रकारको हुन्छ । स्वर वा आवाज निकालेर अर्को व्यक्तिले सुन्नेगरी पढ्नु सस्वर पढाइ हो भने लेख्य भावलाई आवाज ननिकाली मनमनै पढ्नु मौन पढाइ हो । भाषिक क्षमताको विकास हुनका लागि यी दुवै पक्षको आवश्यकता रहन्छ । सरस्वर पढाइबाट शुद्ध उच्चारण, भावानुकूल गति, यति तथा लयबद्ध वाचन, उच्चारणगत त्रुटि निवारण, स्थानीय भाषिकाको प्रभाव निवारण, लेख्य चिन्ह अनुरूपको वाचन, भाषिक अभिव्यक्तिमा एकरुपताका साथै शब्दभण्डारको वृद्धि गराउन सहयोग हुन्छ । मौनपठनबाट ध्यानपूर्वक पढ्ने, स्वाध्ययन गर्ने, द्रूतपठन गर्ने, आवश्यक कुरा मात्र ग्रहण गर्ने, शारीरिक थकाव्वट कम गर्ने तथा धेरै जनाले एकै ठाउँ बसी पढ्न सक्ने क्षमताको विकास हुन्छ । यी दुईको चर्चा निम्नानुसार गर्न सकिन्छ :

***सस्वर पढाइ :*** सस्वर पढाइ पढाइ सिपको प्रारम्भिक चरण हो । सर्वप्रथम वर्ण वा अक्षर उच्चारण गर्ने अभ्यास गरिन्छ । त्यसपछि क्रमशः शब्द, वाक्य, अनुच्छेद, सङ्कथन हुँदै सिङ्गो पाठकै उच्चारण गरेर पढ्ने काम हुन्छ । त्यसैले लिपिबद्ध सामग्रीलाई आवाजसहित शुद्ध उच्चारण गर्नुलाई सस्वर पढाइ भनिन्छ । नियमित पठन अभ्यासपछि उनीहरूमा क्रमशः निडरता र पठन अभ्यास बढ्दै जान्छ र बोलाइ सिपमा विकास हुँदै जान्छ । आफूले पढेका सामग्रीहरू बुझ्न थाल्दछन् र आवश्यक परेको बेला अभिव्यक्ति गर्न सक्छन् । पाठ्यवस्तुले व्यक्त गर्न खोजेका कुराहरू बोध गर्न, अभिव्यक्ति गर्न सक्षम बनाउन सस्वर पठनको महत्वपूर्ण भूमिका रहेको. हुन्छ । पठन सिपलाई जोडदार रूपमा प्रस्तुत गर्नका लागि र लेख्य सामग्रीको भावअनुसार आवाजको आरोह अवरोह मिलाइ वाचन गर्न यसको आवश्यक पर्दछ । विषय, प्रसङ्ग वा भावअनुसार उपर्युक्त मात्रामा मुखमुद्रा, अङ्गप्रदर्शन तथा हाउभाउ प्रस्तुत गर्नु सस्वर पठन शिक्षणको महत्वपूर्ण पाटो हो । उच्चारण, श्रोताको मानसिक अवस्था, संवेग, वातवरण र अभ्यास, पाठक र श्रोताको शारीरिक अवस्थाले सस्वर पढाइमा प्रभाव पार्न सक्छ । पाठ्य विषयको मूलभाव बोध गर्न र उच्चारणगत त्रुटिहरूको निराकरण गरी वाचन कलाको विकास गर्न सस्वर पढाइ उपयोगीसिद्ध हुन्छ । सस्वर पढाइले आत्मविश्वास र आत्मनिर्भर बनाउनुका साथै शब्दभण्डार बढाउन सहयोग गर्दछ । वाचन कलामा समवेत पठन, वाक्य पठन, अनुच्छेद पठन, गति, यतिसहित पठन, , हाउभाउयुक्त पठन, चिन्हको ख्याल गरी गरिने पठन, भावानुसार पठन, सुर, अनुतान र स्वर प्रसारण अनुसार पठन एवम् विधा पठन जस्ता क्रियाकलापहरू गराइन्छ । सस्वर पढाइलाई व्यक्तिगत पढाइ र समुहिक पढाइ गरी दुई भागमा वर्गीकरण गरिन्छ । यसरी सस्वर पढाइमा अभ्यस्त भएपछि मात्र मौन पढाइतर्फ अग्रसर गराउनु राम्रो मानिन्छ ।

***मौन पढाइ :*** लिपिबद्ध सामग्रीहरूलाई आवाज ननिकाली मनमनै पढ्नुलाई मौन पढाइ भनिन्छ । “स्वाध्यायनको बानी बसाल्न मौनपठन ज्यादै नै उपयोगी हो । यस उपायद्वारा पाठक आफ्नो प्रयोजन र आवश्यकता अनुसार विभिन्न सामग्रीहरू भिन्नभिन्न ढङ्गले पढ्न सक्छन्” (अधिकारी, २०६२ : पृ. ७६) । मौन पढाइलाई पठनकलाको उत्कृष्ट रूप मानिन्छ । भाषिक सिप मध्ये सस्वर पढाइपछि मौन पढाइलाई महत्वपूर्ण मानिन्छ । यसबाट बुझेर पढ्ने र छिटो छिटो पढ्ने बानीको विकास हुन्छ । मौन पढाइको मुख्य ध्येय विषयवस्तुको बोध हो । यस पढाइमा समयको बचत, भावलाई छिटै बोध गर्न सक्ने भएकाले पढाइ फलदायी नै देखिन्छ । आँखा र मस्तिष्कको तालमेल भई लिपिबद्ध पठित सामग्रीको रूप, ढाँचा, आशय छुट्याउन सक्नुपर्दछ । लेख्य भाषालाई उच्चारण नगरी वाचन गर्ने प्रक्रिया नै मौन पठन हो (पौडेल, २०६७, पृ.१४९) । यसमा शारीरिक थकावटको स्थिति पनि रहँदैन । मौन पढाइले पढाइको क्षेत्र विस्तार गर्न ठूलो सहयोग मिल्दछ । गहन पढाइ, द्रुत पढाइ र आंशिक पढाइ गरी मौन पढाइलाई तीन प्रकारमा विभाजन गर्न सकिन्छ । मौन पठनलाई शर्मा र पौडेल (२०६८) ले चार तहमा वर्गीकरण गरेका छन् । यिनीहरूका अनुसार मौन पठन अभिधात्मक, व्याख्यात्मक, समीक्षात्मक र सिर्जनात्मक गरी चार तहको हुन्छ । यस पढाइबाट द्रूत पठन क्षमताको विकास हुन्छ र यो मूलत : प्रारम्भिक कक्षाहरूमा भन्दा माथिल्ला तहका विद्यार्थीहरूका लागि पठन गर्न यो बढी उपयोगी मानिन्छ ।

## पठन संस्कृति

पढ्नु भनेको नयाँ कुरा सिक्ने कार्य हो । पढाइको मूल पक्षका रूपमा पठनबोधलाई लिइन्छ । लिपिबद्ध भाषामा लेखिएका ज्ञान एवम् सूचनालाई पाठकले आँखा र मस्तिष्क सङ्गठित गरेर अर्थबोध गर्नुलाई पठनबोध भनिन्छ (शर्मा र पौडेल, २०६६) । पठनबोधलाई ज्ञान आर्जनको रूपमा मात्र नभई मनोरञ्जनको एक उपायका रूपमा पनि लिन सकिन्छ । पठनबोध शिक्षण श्रुतिबोध शिक्षण जस्तो सरल, सहज र स्वाभाविक ढङ्गले नभई जटिल प्रकृतिको हुन्छ (पौडेल, २०६७ ) । पठनबोधले लेख्य भाषिक संरचनाबाट कुनै पनि विषयवस्तुको अभिप्राय, भाव, विचार आदि

कुरा बुझ्न सक्ने क्षमताको विकास गर्छ । पठनबोध क्षमताको विकासले अन्य विविध सिप र क्षमताको विकासमा धेरै मद्दत पुऱ्याउँछ । यसले विद्यार्थीहरूमा शब्दभण्डार विकासका साथै अन्य सिपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइ क्षमताको विकासमा पनि सहयोग पुऱ्याउँछ । यसरी पठनबोधले विद्यार्थीका शैक्षिक विकासमा मात्र नभएर हरेक क्षेत्रका विकासमा महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । ज्ञानको विकास गर्ने प्रभावशाली उपाय भनेको पढाइ हो । पठनबोध लिखित अभिव्यक्तिलाई पढेर त्यसको मूल मर्म बुझ्नसँग सम्बन्धित हुन्छ । बोधविनाको पढाइ अर्थहीन हुन जान्छ । यसका लागि पाठकीय सोचाइको आवश्यकता पर्दछ । जब पाठक सक्रिय रूपमा पठनमा व्यस्त हुन्छ तब उसले पाठ सम्बन्धमा आफै प्रश्नोत्तर गर्ने गर्दछ । यसमा पाठकले पठित कुराको सारसमेत निकाल्दछ । पठनबोध पाठप्रतिको रुचि र पाठ स्वरूपको बोधका आधारमा पनि निर्धारित हुन्छ ।

सामान्यतया पढ्ने बानी वा संस्कारलाई पठन संस्कृति भनेर बुझ्न सकिन्छ । पढ्नुपर्ने कुराहरू असीमित छन् । पठन संस्कृतिले पुस्तक वा सूचनामूलक लिखित सामग्रीलाई निरन्तर पढ्ने बानीलाई दर्साउँदछ । पठन संस्कृतिलाई लिखित अभिव्यक्तिमा प्रस्तुत ज्ञान, सूचना र विषयको बोध गर्ने कार्यका रूपमा लिइन्छ । सिकारू अनुशासित भई नियमित पढ्ने संस्कारको विकस गरिनुपर्छ । अनिमात्र उसमा रचनात्मक र सिर्जनात्मक क्षमताको विकास हुन्छ । पठन संस्कृतिको विकासले सिकारुमा पढाइप्रति आकर्षित गराउँछ । पढाइलाई व्यक्तिको दैनिक कार्यसँग जोड्दै लैजानुपर्छ । जसले गर्दा व्यक्तिमा पठन संस्कृतिको विकास गराउँछ । अरूमा उत्प्रेरणा जगाउँछ । व्यक्तिमा पठन संस्कृति हुन भनेको शिक्षित, सभ्य र सुसंस्कृत नागरिका बन्नु पनि हो । यसद्वारा आफूलाई आवश्यक सामग्री खोजेर पढ्ने बानीको विकास हुन्छ । अर्को शब्दमा जीवनलाई मर्यादित र व्यवस्थित बनाउन पढाइलाई संस्कृतिका रूपमा विकास गर्नु पर्छ । असल पठन संस्कृति भएका सिकारूले आफूमा आइपर्ने विभिन्न समस्याहरू निदान गरी समाधान गर्न सक्छ । पढाइ जटिल संज्ञानात्मक प्रक्रिया हो । कोलम्बिया विश्वविद्यालयका प्राध्यापक एन्थोनी पेट्रोसिनो (सन् २००९) ले पढाइका लागि ध्वनि, वर्णतात्विक सचेतता, पठनकला, शब्दभण्डार विकास, पठनबोध कौशल र उत्प्रेरणा एवम् पूर्वज्ञान जस्ता तत्वहरूको महत्वपूर्ण भूमिका हुने कुरा उल्लेख गरेका छन् । ज्ञान र बुद्धिको विकास गराउन, स्वाध्ययन गर्ने बानीको विकास गराउन, भाषिक क्षमताको विकास गर्न, शब्दभण्डारको विकास गराउन, प्रस्तुतिलाई सबल बनाउन, बोध क्षमताको विकास गर्दै पठनप्रति रुचि जगाउन पठन संस्कृतिको आवश्यकता पर्दछ । हाल विद्यालय तहमा पढाइलाई संस्कृतिका रूपमा विकास गर्नु पर्ने देखिन्छ । वास्तवमा एउटा असल पाठक बन्नका लागि पढाइलाई संस्कृतिका रूपमा ग्रहण गर्नु आवश्यक हुन्छ । पठन संस्कृतिलाई संस्कारसँग जोडी सम्मुनत समाजको निर्माण गर्न सकिन्छ । पठन संस्कृति विकासबाट हुने फाइदाहरू निम्नानुसार रहेका छन् :

***मस्तिष्कको सक्रियता*** : सिकारूमा पठन संस्कृतिका माध्यमबाट मस्तिष्क प्रयोग गर्ने क्षमता वृद्धि हुन्छ । सिकारूमा सकरात्मक चिन्तन, सोच, विचार र सदगुणको पनि विकास हुन्छ । बौद्धिक विकास र प्राज्ञिक व्यवहारलाई प्रत्यक्ष प्रभाव मस्तिष्कले पार्दछ । पठनले सकरात्मक नतिजाको अपेक्षा गर्दछ ।

***शब्दभण्डार क्षमता विकास :*** नयाँ विषयवस्तुको पठनबाट नयाँ-नयाँ विषय क्षेत्रका शब्दभण्डार आर्जन गर्न मद्दत मिल्छ । सिकारुमा जति बढी शब्दभण्डार हुन्छ ऊ भाषामा त्यति नै बढी सक्षम पनि हुन्छ । शब्दभण्डारको विकास पठन संस्कृतिबाट नै सम्भव हुन्छ । जुन कार्य अन्य अभ्यासबाट असम्भव प्रायः हुन्छ ।

***एकाग्रतामा वृद्धि :*** कुनै सिकारुमा पठन संस्कृति विकास हुनु भनेको कुनै विषय वस्तुप्रति विशेष ध्यान दिई एकाग्र भएर पढ्ने क्षमता विकास हुनु हो । विभिन्न विषयलाई ध्यान दिएर पढ्ने र एकाग्रतापूर्वक बोध गर्ने कार्य पठन संस्कृतिबाट सम्भव हुन्छ ।

***सर्वत्र सिकाइ :*** यो ज्ञान आर्जन र ज्ञान प्रयोगसँग सम्बन्धित संस्कृति हो । पठन संस्कृतिको विकास हुँदै गर्दा पाठकले जहाँसुकै पढेर ज्ञान र अनुभव प्राप्त गर्न सक्छ । पठन संस्कृति पठन बानीसम्बद्ध हुने भएकाले कालान्तरमा बानीले नै वातावरणलाई नियन्त्रण गर्न सक्छ ।

***विविध संस्कृतिको आत्मसात्करण :*** पठन संस्कृतिबाट सिकारुहरू पाठ्यविषयमा वर्णित समाज र संस्कृतिसँग परिचित हुन पुग्छन् । समयसापेक्ष अनुसार समाजलाई रुपान्तरण गर्न महत्वपूर्ण भूमिका खेल्छ । परिवर्तन जसका कारणले अन्यका संस्कृतिमा आफूलाई आवश्यकतानुसार समायोजन गर्न सक्छन् ।

***आत्म पहिचानमा वृद्धि :*** पठन संस्कृतिबाट सिकारुमा नयाँ नयाँ सूचना भण्डार गर्ने र तिनलाई आवश्यकता अनुसार प्रयोग गर्ने क्षमता वृद्धि हुन्छ । यसले सम्बन्धित विषयमा सम्बन्धित पाठकलाई विज्ञ र शिक्षित बनाउछ ।

***त्रुटि निराकरण :*** निरन्तरको पठनबाट सिकाइ प्रक्रियाका त्रुटि घट्दै जान्छन् । यसबाट पाठ्य विषयमा व्यक्त आशयको शुद्ध ग्रहण गर्ने क्षमता विकास हुन्छ । कमि कमजोरी सच्चाउने अवसरको रूपमा लिन सकिन्छ ।

***संज्ञानात्मक क्षमता विकास :*** पठन संस्कृतिबाट विषयवस्तु बोध गर्ने, सूचना सङ्ग्रह गर्ने, सूचना प्रयोग गर्ने सिपको विकास हुन्छ । स्तरयुक्त पाठ्यपुस्तकको पठनबाट अन्य कुनै पनि क्षेत्रबाट हासिल गर्न नसकिने विषय क्षेत्रको सूचनासमेत प्राप्त हुन्छ ।

***समयको गुणस्तरीय उपयोग :*** लिप्यात्मक सामग्रीको पठनबाट दिक्क लाग्ने, पट्यार लाग्ने, एवम् मस्तिष्कको थकान हुने अवस्थामा कमी आउँछ । जसका कारणले गुणस्तरीय समय विताइन्छ साथै नयाँ ज्ञानगुणका कुराहरू पनि सिकिन्छ ।

## पठन संस्कृति विकासका आधार

पठन संस्कृति स्वतन्त्र तवरबाट विषयवस्तु पढ्न सक्ने कला विकासको मुख्य आधार हो । यसका निम्ति सम्भव भएसम्म विद्यालयको पुस्तकालयमा प्रशस्त पुस्तकहरूको व्यवस्था गरिनुपर्दछ । प्रत्येक विद्यालयले आफ्ना विद्यार्थीलाई प्रत्येक हप्ताको कुनै एकदिन पुस्तकालयको उपयोग गर्न प्रोत्साहन गर्नुपर्छ । गाउँसहरका टोलटोलमा पुस्तकालयको स्थापना गरी पढ्ने वातवरणको निर्माण गर्नुपर्छ । आफ्नै घरमा पुस्तकालय खोल्ने प्रबन्ध मिलाउनुपर्छ । आफ्नो ज्ञानलाई अद्यावधिक गर्नको लागि पनि पुस्तकालयमा अनिवार्य उपस्थिति हुनपर्छ । विद्यालयको सम्पूर्ण वातावरण पठनमैत्री बनाउनु पर्दछ । यसका साथै विभिन्न रचनाका लेखकहरूसँग अन्तरक्रिया, छलफल, गोष्ठी जस्ता कार्यक्रम सञ्चालन गर्नु पर्दछ । विद्यालयले कक्षान्तरिक परिवेशमा पठन खेल प्रतियोगिता सञ्चालन गर्नु पर्दछ । वर्तमान युगमा प्रशस्त अध्ययन सामग्री उपलब्ध छन् । तिनीहरूलाई खोजी खोजी पढ्ने बानीको विकास गर्नुपर्छ । पछिल्लो समयमा भएको सूचना प्रविधिको विकासले भाइवर, युटयुव, गुगल, फेसबुक, ब्लग, ईपुस्तक, ईजर्नल, ईलाइब्रेरी आदि सामाजिक सञ्जालमा पनि उपयोगी विषयवस्तु प्रसस्तै अध्ययन गर्न पाइन्छ । यसरी आवश्यकतानुसार सामाजिक सञ्जालहरूको उचित तरिकाले प्रयोग गर्न प्रेरित गर्नु पर्दछ । साथै पढाइ पर्व (reading festival) को व्यवस्था गर्ने र मनाउने कार्यमा विद्यालय र अभिभावकले विशेष भूमिका निर्वाह गर्नु पर्दछ । कक्षाकोठामा पठन संस्कृति विकासका प्रमुख आधारहरू निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

***पठन समूह निर्माण*** : अर्थपूर्ण पठन र छलफलका निमित्त कक्षाकोठामा पठन समूह र उपसमूहहरू निर्माण गर्न सकिन्छ । त्यस्ता समूहले एकापसमा सिक्री निर्माण गरी विचारहरू आदान प्रदान गर्न सहयोग गर्दछन् । सहकार्यमा पठनीय विषय छान्न, विचार निर्माण गर्न तथा विश्लेषण गर्न यस्ता समूह सहयोगी हुन्छन् । यस कार्यले विद्यार्थीमा औपचारिक बन्धनमा बाँधिएको महसुस हुन दिँदैन ।

***विद्यालय र अभिभावकसँगको सहकार्य*** : विद्यालयले अभिभावकसँग सहकार्य गर्नु पर्दछ । घर, समाज र अभिभावकलाई विद्यालय, कक्षा, शिक्षक र विद्यार्थीसँग जोड्नु पर्दछ । अनिमात्र अपनत्वको विकास हुन्छ । विद्यालयलाई समाज र समुदाययसँग जोड्नु पर्दछ । साथै एक अर्काका गतिविधिबाट परिचित भई पठन कार्यले सुस्पष्ट गति लिने हुन्छ ।

***रहस्यमय विषयवस्तुको छनोट*** : विद्यार्थीलाई सधैँ मौलिक, औपदेशिक विषयको बन्धनमा मात्रै बाँध्नु हुँदैन । उनीहरूलाई रहस्यमय, काल्पनिक, उडन्ते, जादुमयी प्रकृतिका विषय पढ्न लगाउन सकिन्छ । यसबाट उनीहरू पठन कार्यप्रति जागरूप बन्छन् । यस्तो कार्यले पढाइको प्रयोजनलाई अप्रत्यक्ष तवरबाट पूरा गर्न मद्दत मिल्छ ।

***संयोजनकारी पठन*** : संयोजनकारी पठन पठन संस्कृति विकासको अर्को महत्वपूर्ण आधार हो । प्रस्तुत आधारलाई पठन संस्कृति विकासको मनोरञ्जनात्मक आधारसमेत भनिन्छ । यस कार्यमा विद्यार्थीलाई संलग्न गराउँदा पुस्तकमा वर्णित विषयलाई तोडमोड गरेर वा विशृङ्खलित पारेर कुनै पत्रमा उतार्नु पर्दछ । तत्पश्चात विद्यार्थीलाई विशृङ्खलित विषयलाई संयोजन गरेर पढ्न लगाउनु पर्दछ ।

***स्थानीय पुस्तकालयसँगको सहकार्य*** : शिक्षित समाज निमार्ण गर्न टोलटोलमा सार्वजनिक पुस्तकालयको स्थापन गर्नुपर्छ । स्थानीय परिवेशमा रहेका पुस्तकालयहरूसँगको सहकार्य गरिनुपर्छ । उनीहरूलाई पुस्तकालयको महत्व, उपलब्ध पुस्तक सूची, पुस्तक प्राप्त गर्ने तरिका, पुस्तकालयका सेवा सुविधाबारे विद्यार्थीलाई स्पष्ट पार्न प्रेरित गर्नु पर्दछ । साथै पुस्तकालयको सदस्य बन्ने तरिकाबारे समेत विद्यार्थीलाई थाहा दिन लगाउनु पर्दछ । यसबाट विद्यार्थीहरू पुस्तकालयप्रति आकर्षित बन्न सक्छन् ।

***सस्वर पठन प्रतियोगिता*** : विद्यार्थीलाई सस्वरपठनप्रति आकर्षित गर्न पढाइलाई प्रतिस्पर्धाका रूपमा सञ्चालन गर्न सकिन्छ । यसका साथै साथी समूह, शिक्षक र अभिभावकको अगाडि आवाजसहित पढ्न प्रेरित गर्नु पर्दछ । यसबाट उनीहरूमा आत्मविश्वास बढ्छ र दृढतापूर्वक पढ्ने क्षमताको विकास हुन्छ ।

***सहकार्यात्मक पठन अभ्यास*** : प्रस्तुत आधार स्वतन्त्र पठन कार्यसँगै सञ्चालन गरिने कार्य हो । यस कार्यमा शिक्षकले विद्यार्थीसँगै सहकार्य गर्नु पर्दछ । शिक्षकले विद्यार्थीद्वारा पढिरहेको विषयबाट आफूले प्राप्त गरेको ज्ञानलाई समेत विद्यार्थीसँग अनुमति मागेर प्रस्तुत गर्नु पर्दछ । आवश्यकता अनुसार आफूले पढ्दा प्रयोग गरेका रणनीतिसमेत विद्यार्थीलाई भन्न सकिन्छ ।

***पठनसम्बद्ध कार्यक्रम सञ्चालन*** : विद्यालय वा शिक्षकले पुस्तक प्रदर्शनी, साहित्यिक पर्व जस्ता कार्यक्रम निर्माण एवम् सञ्चालन गर्नु पर्दछ । समय समयमा पुस्तक मेलाहरू आयोजन गरी पुस्तक किन्ने र पढ्ने बानीको विकास गर्न सकिन्छ । पाठ्यपुस्तक बाहेकका पाठ्यसामग्री पनि विद्यार्थीहरूलाई पढ्नको लागि हौसला दिनु पर्दछ । यस्ता कार्य व्यापारी, प्रकाशन गृह, स्थानीय पुस्तकालय, सामाजिक कार्यकर्ता, स्वयम्सेवक आदिको सहकार्यद्वारा सञ्चालन गर्दा अझ फाइदाजनक हुन्छ ।

**निष्कर्ष** :

पठन संस्कृतिले मानिसलाई अध्ययनशील बनाउन सहयोग गर्छ । यसले गर्दा पुस्तकलाई प्रेम गर्ने भावनाको विकास हुन्छ । विद्यार्थीको ज्ञानको भण्डार त फराकिलो हुन्छ नै, उसमा अनुभव र परिपक्कता जस्ता सद्‌गुणको पनि विकास हुन्छ । विद्यार्थीमा सिर्जनशीलता र कल्पनाशीलताको प्रचुर विकास हुन्छ । पठन संस्कृतिको विकास गर्ने भनेको नियमित रूपमा अग्रगामी दर्शन, विचार, राजनीति एव्व संस्कृतिका पाठ्यसामग्रीहरूको अध्ययन चिन्तन मनन गर्नु हो । पठन संस्कृतिले ज्ञान, बुद्धि, विवेक एवम् सामाजिक मूल्यमान्यता प्राप्त गर्नमा पनि सहयोग गर्छ । कुनै पनि विषयवस्तुमा गहिरो ज्ञान प्राप्त गर्न र ती ज्ञानलाई व्यवहारमा उपयोग गर्न पठन संकृति अत्यन्त उपयोगी हुन्छ । यसका साथै अझ उन्नत र नयाँ नयाँ विचार, दर्शन एवम् दृष्टिकोण सम्बन्धी समुचित जानकारीसमेत प्राप्त गर्न सकिन्छ । यसले चिन्तनशील र विद्वान् बनाउँछ । सोचाइको धरातल परिस्कृत बनाउँछ । विश्वमा भए गरेका नयाँ विकास र समृद्धिका तथ्यबारे सुसूचित हुन पनि पठन संस्कृतिले मद्दत गर्दछ ।

## सन्दर्भ सूचीहरू :

अधिकारी, हेमाङ्गराज (२०६९), *नेपाली भाषा शिक्षण,* काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी हेमाङ्गराज र भट्टराई, बद्रिविशाल (२०६३), *प्रयोगात्मक नेपाली शब्दकोश,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

खनिया, बुद्धराज (२०७५), *नेपाली भाषा शिक्षण : सिद्धान्त र प्रयोग,* (प.सं.), बागबजार, काठमाडौँ : जुपिटर प्रिन्टिङ एन्ड पब्लिसिङ हाउस प्रा.लि. ।

खनिया, बुद्धराज र अधिकारी, रामकुमार (२०७६), *नेपाली भाषा शिक्षण,* (दो.सं.), बागबजार, काठमाडौँ : जुपिटर प्रिन्टिङ एन्ड पब्लिसिङ हाउस प्रा.लि. ।

पौडेल, माधवप्रसाद (२०६७), *दोस्रो भाषाका रूपमा नेपाली शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६८), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।